# जिल्ला समन्वय समितिको कार्यालय,

# भक्तपुरको

# आ.व. २०८१/८२ को

# वार्षिक प्रगति प्रतिवेदन

मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौडामा पेश गरेको आ.व.२०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन

# विषयवस्तु

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पुरा गर्ने उद्देश्यले नेपालको शासकीय स्वरुप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीमा आधारित रहदै संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध, सहकार्यता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहेको छ।

नेपालको संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरी जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्न एक जिल्ला सभाको व्यवस्था गरिएको छ। जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक सहित बढीमा नौ जना सदस्य रहने गरी जिल्ला समन्वय समितिको परिकल्पना गरे बमोजिम हाल जिल्ला समन्वय समिति भक्तपुरमा एक जना प्रमुख, एक जना उपप्रमुख र अन्य पाँच जना सदस्य सहित सात सदस्यीय जिल्ला समन्वय समिति गठन भएको छ।

जिल्ला समन्वय समितिले जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने लगायत प्रदेश सरकारले बनाएका कानून, ऐन, नियम एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका कार्यहरु गर्दै आएको छ।

जिल्ला समन्वय समिति, भक्तपुरले आफैले पनि अनुगमन र निरीक्षण कार्यक्रमलाई व्यवस्थित गर्न एवम् तीनै तहका सरकारद्वारा सञ्चालित योजना र कार्यक्रममा सन्तुलन र एकरुपमा ल्याउन विभिन्न विषयगत कार्यविधि तयार गरी अनुगमन र सन्तुलनको कार्यलाई प्रभावकारी बनाउने प्रयास गरिरहेको छ। अनुगमनको कार्य, विभिन्न विषयगत क्षेत्रको समन्वयात्मक बैठक लगायत जिल्ला समन्वय समितिको बैठकलाई समेत निरन्तरता दिँदै आएको छ। अनुगमनका क्रममा देखिएका तथ्यपरक कुराहरुलाई सम्बन्धित कार्यालय र स्थानीय तहमा सुझाव समेत दिँदै आएको छ।

अतः गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ५४ (छ) बमोजिम 'आफुले गरेका काम कारबाही सम्बन्धमा सुझाव सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको साठी दिन भित्र प्रदेश सरकार समक्ष पेश गर्ने 'भन्ने व्यवस्था बमोजिम यस जिल्ला समन्वय समिति,भक्तपुरले पनि आ.व. २०८१/०८२ मा प्रदेश सरकार र संघीय सरकारबाट प्राप्त विनियोजित बजेट तथा कार्यक्रमलाई सम्पादन गरी उक्त आ.व. मा भए/गरेका भौतिक एवम् वित्तीय प्रगति, अनुगमन, कार्यक्रम, सुझाव एवम् कार्यक्रमका फोटोहरुलाई समेटी प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौडामा पेश गर्न पाउँदा जिल्ला समन्वय समिति, भक्तपुर आभारी छ।

-जिल्ला समन्वय समिति, भक्तपुर

(जिल्ला समन्वय समिति, भक्तपुरको मिति २०८२ श्रावण १८ गतेको समितिको बैठकबाट पारित)

# विषयहरु

## खण्ड क

भक्तपुर जिल्ला र जिल्ला समन्वय समितिको परिचय र चिनारी

जिल्ला समन्वय समितिको विद्यमान संवैधानिक एवम् कानूनी व्यवस्था

## खण्ड ख

आर्थिक वर्ष २०८१/०८२ मा भएगरेका योजना, कार्यक्रम  एवम् अनुगमनहरुको प्रगति

आर्थिक वर्ष २०८१/०८२ को वित्तीय एवम् भौतिक प्रगति

## खण्ड ग

सुझावहरु

## खण्ड घ

तस्विरहरु

# खण्ड क

## भक्तपुर जिल्ला र जिल्ला समन्वय समितिको परिचय र चिनारी

## जिल्ला समन्वय समितिको विद्यमान संवैधानिक एवम् कानूनी व्यवस्था

# जिल्लाको परिचय

मौलिक कला, संस्कृति, परम्परा र रीतिरिवाजमा अब्बल भक्तपुर भौगोलिक छटा रप्राकृतिक विविधतालेसमेत सुसम्पन्न जिल्ला हो ।पुरातात्विक वैभव र ऐतिहासिक धरोहरहरूले यसलाई जीवन्त तुल्याएका छन्।नेपालको केन्द्रीय राजधानीसमेत रहेको काठमाडौं उपत्यकाभित्र पर्ने भक्तपुर जिल्लामा लिच्छवीकाल र मल्लकालदेखिका अद्वितीय कलाकृतिहरू सङ्गृहित छन् । नेपालको संविधानले सतहत्तर जिल्ला र सात प्रदेशको व्यवस्था गरेअनुसार बागमती प्रदेशभित्रका तेह्र जिल्लामध्येको एक हो भक्तपुर ।क्षेत्रफलको हिसाबले सबैभन्दा सानो भएता पनि जनसङ्ख्याको दृष्टिले सबैभन्दा बढी जनघनत्व ओगटेको जिल्ला पनि भक्तपुर नै हो । कालचक्रसँगसँगै यो ऐतिहासिक भक्तपुर जिल्ला आफ्नो पुरातात्विक शाखलाई जोगाउँदै नीतनवीन उपलब्धितर्फ अग्रसर छ। नेपालको संविधानको धारा २२० मा व्यवस्था भएअनुरुप यस जिल्लामा रहेको ‘जिल्ला समन्वय समिति, भक्तपुरले उक्त धाराकै उपधारा ७को व्यवस्थाअनुसार यस जिल्लामाआफ्नो प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ ।

भक्तपुर भक्तहरुको नगरी हो । लिच्छवीकालीन राजा मानदेवका पालाको अभिलेख (सम्बत् ३९९) मा भक्तपुरलाई“खोपृङ्ग्राम”भनिएकोछ।ग्रामशब्दलेगाउँबुझाउँछभने÷खोपृङ÷शब्दबाट÷ख्वप÷वा÷खोप÷अपभ्रंशभएको देखिन्छ।भक्तपुरकोखलाछेँटोलमाभेटिएकोअभिलेखमाभक्तपुरलाई÷खृपाङ्ग÷ भनिएको छ । पछि वि. सं. १९९२ को अभिलेखमा यसलाई ’भद्रग्राम÷ भनिएको छ जसबाट ’भादगाउँ÷ अपभ्रंश भएको स्पष्ट हुन्छ । तत्कालीन राणाशासक जुद्ध शमशेरले मन्दिरैमन्दिरको यस नगरका बासिन्दाहरु अत्यन्तै भक्तभावका भएकाले भादगाउँलाई ’भक्तपुर÷ भनी नामकरण गरिदिए । यसरी अहिले ’भक्तपुर÷, ‘ख्वप÷ र ’भादगाउँ÷ नामबाट यस ऐतिहासिक नगरी र समग्र जिल्लालाई नै सम्बोधित गरिन्छ। मध्यकालीन नेपालमा भक्तपुरको गरिमा अत्यन्तै उँचो रहेको भेटिन्छ । मल्लकालमा नेपालखाल्टो अर्थात उपत्यकाको राजधानी भक्तपुर थियो । तत्कालीन मल्ल राजाहरु ’युथनिम्हम÷ र÷त्रिपुर÷ नाम गरेका दरबारमा बसेर राजकाज चलाउँथे । इतिहासको अध्ययन गर्दा ती दरबारहरु भक्तपुरमै रहेको बुझिन्छ । उनीहरुले बनाएका चारपाटे र किल्लाजस्तै सुरक्षित दरबारलाई स्थानीय भाषामा ’चौक्वाँठ÷ भनिन्थ्यो । यक्ष मल्लको शासनकालपछि मात्र उपत्यकामा भक्तपुर, काठमाडौं र पाटन गरी तीन राज्यको व्यवस्था भयो । तत्कालीन समयमा उपत्यकाकै केन्द्रविन्दु समेत भएकाले पनि भक्तपुरलाई अतिप्राचीन र ऐतिहासिक नगरीका रुपमा बुझ्नु पर्दछ ।

भक्तपुर नगरपालिका र मध्यपुर थिमि नगरपलिकामा नेवार जातिको बाहुल्यता देखिन्छ भने सूर्यविनायक र चाँगुनारायण नगरपालिकामा ब्राह्मण, क्षेत्री, तामाङ, गुरुङ, नेवार लगायतका विभिन्न जातजातिको बसोबास छ । लिच्छवीकालदेखिका अनेकौँकलाकृतिहरूले सुसज्जित विभिन्न देवीदेवताका मठमन्दिर र कलाकौशलले सुशोभित यस जिल्लामा गाईजात्रा, बिस्केजात्रा, सिन्दुरजात्रा, जिब्रो छेड्ने जात्रा लगायतका जात्रा मनाउने गरिन्छ ।यस जिल्लामा पाइने जुजु धौ (दही) र भादगाउँले कालो टोपी देश तथा विदेशमा समेत प्रख्यात छन् । नगर तथा नगरबाहिर बटुवाहरुका लागि पाटीपौवा र धाराको समेत व्यवस्था भएको भक्तपुर आफ्नो नामजस्तै भक्तिभावबाट ओतप्रोत छ । नेपालकै सर्वप्राचीन लिच्छवीकालीन चाँगुनारायणको मन्दिर यसै

जिल्लाअन्तर्गत चाँगुनारायण नगरपालिका वडा नम्बर ४ मा अवस्थित छ । पाँचतले मन्दिर, पचपन्न झ्याले दरबार र भक्तपुर दरवार परिसर जो विश्व सम्पदासूचीका गहनासमेत बनेका छन्, ती यहीं छन् । केदारनाथको शिर मानिएको डोलेश्वर महादेव मन्दिर, शिद्धीकाली मन्दिर, दत्तात्रय मन्दिर, नीलबाराही मन्दिर, सूर्यविनायक गणेश मन्दिर, सिद्धपोखरीजस्ता महत्वपूर्ण सम्पदाहरूले यसको गरिमा बढाएका छन् ।पुरातात्विक सम्पदा र प्राकृतिक उदारताले गर्दा यो जिल्ला विश्वभरका पर्यटकहरूका लागि गम्यरम्य छ ।

सार्क राष्ट्रस्तरीय राष्ट्रिय क्षयरोग केन्द्र, मानव अङ्ग प्रत्यारोपण केन्द्र, भक्तपुर क्यान्सर अस्पताल, निर्माणाधीन वीर अस्पताल प्रतिष्ठान, सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, राष्ट्रिय प्राणी उद्यान केन्द्र पनि यसै जिल्लामा रहेका छन् ।भक्तपुर जिल्लाको केन्द्र भागबाट चारओटै नगरपालिकाका कुनै पनि वडा कार्यालयसम्म पुग्न पैदलयात्रा गर्दा पनि एकदुई घण्टाभन्दा बढी समय नलाग्ने हुँदा यसलाई सुगम जिल्लाका रुपमा चर्चा गर्दा अतिशयोक्ति हुनेछैन ।वर्षैभरि यातायातको सुविधा भएको यो जिल्ला प्राकृतिक छटाले भरिपूर्ण अत्यन्त मनोरम स्थलको सङ्गमको रूपमा समेत परिचित छ । नेपालको मानचित्रमा ८५०२१' देखि ८५०३' पूर्वी देशान्तरसम्म र २७०३६' देखि २७०४४' उत्तरी अक्षांशसम्मभक्तपुरको सिमाना फैलिएको छ । यस जिल्लाको पूर्वमा काभ्रेपलाञ्चोक, पश्चिम र उत्तरमा काठमाडौं र दक्षिणमा ललितपुर जिल्ला पर्दछ । यो जिल्लाको क्षेत्रफल ११९ वर्ग कि.मी.रहेको छ । यस जिल्लामा प्रतिनिधि सभातर्फ दुई र प्रदेश सभातर्फ चार निर्वाचन क्षेत्र रहेका छन् । यसको पूर्वपश्चिम लम्बाइ १६ कि.मी. र उत्तरदक्षिण चौडाइ ११.२ कि.मी. रहेको छ । यस जिल्लाको सरदर उचाइ समुन्द्र सतहबाट १,३३१ मिटर रहेको छ । यस जिल्लाको सबैभन्दा अग्लो भूभाग चाँगुनारायण नगरपालिका वडा नम्बर ६ मा रहेको नगरकोट हाइटलाई मानिन्छ जसको उचाइ २,१९१ मिटर छ । नगरकोटबाट सूर्योदयको मनमोहक दृष्य हेर्न सकिन्छ । भौगोलिक बनावटको दृष्टिकोणले यो जिल्ला उपत्यकाका अरु दुई जिल्लाहरूसित मिल्दोजुल्दो छ । प्रशासनिक विभाजनअनुसार भक्तपुर जिल्लामा चारओटा नगरपालिकाहरू छन् । यसमध्ये भक्तपुर नगरपालिका र मध्यपुर थिमि नगरपालिका पुराना नगरपालिका हुन भने चाँगुनारायण नगरपालिका र सूर्यविनायक नगरपालिका नेपाल सरकारको वि. सं. २०७३ साल फागुन २७ गतेको निर्णयबमोजिम पछि गठन भएका नयाँ नगरपालिकाहरू हुन् ।

## जिल्लाकोभौगोलिकविवरणः

**सिमाना**

पूर्व-काभ्रेपलाञ्चोकजिल्ला

पश्चिम- काठमाडौं जिल्ला र ललितपुर जिल्ला

उत्तर- काठमाडौं जिल्ला र काभ्रेपलाञ्चोक जिल्ला

दक्षिण- काभ्रेपलाञ्चोक जिल्ला र ललितपुर जिल्ला

**क्षेत्रफल**

कृषिक्षेत्र-८,०७७ हेक्टर

वनक्षेत्र- २,१२५ हेक्टर

आवासक्षेत्र- २,१०० हेक्टर
जम्मा क्षेत्रफल- १२,०५७ हेक्टर

**२०७८ सालको जनगणना अनुसार जनसङ्ख्या विवरणः**

महिला -१,४९,७६७
पुरुष- १,५४,८८४
जम्मा जनसङ्ख्या- ३,०४,६५१
जनघनत्व- २,५६०वर्ग कि.मी.

**धर्म अनुसार जनसङ्ख्याको विवरण,**

हिन्दू ८७.८५ %
बौद्ध ९.१८ %
क्रिस्चियन १.९७ %
इस्लाम ०.४९ %
किरात ०.३८ %
अन्य ०.१२ %

**जातीय आधारमा जनसङ्ख्याको विवरण**

नेवार ५५.८५ %
क्षेत्री १८.५३ %
ब्राह्मण १०.१४ %
तामाङ ६.५३ %
मगर १.६३ %
अन्य ७.३२ %

**जिल्लामा उपलब्ध पूर्वाधारहरु तथा अन्य विभिन्न आयामहरु**

**क) शिक्षा**

भक्तपुर जिल्ला शैक्षिक हिसाबले नेपालकै एक उत्कृष्ट जिल्ला मानिन्छ । निजी तथा सामुदायिक विद्यालयले प्रदान गर्ने शैक्षिक गुणस्तर र प्राप्त नतिजा राष्ट्रिय स्तरमै उच्चतम् रहिआएको पाइन्छ । उच्चशिक्षाका लागि पनि भक्तपुर बहुमुखी क्याम्पस, सानोठिमी क्याम्पस, नेपाल इन्जिनियरिङ कलेज, सामुदायिक रुपमा सञ्चालित एक मात्र श्रीकृष्ण बहुमुखी क्याम्पस, ख्वप कलेज, काठमाडौं मेडिकल कलेजलगायतका संस्थाहरुले भूमिकानिर्वाह गरिरहेका छन् । सबै बालबालिकाहरुको पहुँचमा विद्यालय रहेको यस जिल्लामा साक्षरता दर पनि उच्चतम् नै रहेको छ ।वि.सं. २०६८ को जनगणनाअनुसार राज्यको औसत साक्षरतादर ६५.९ प्रतिशत रहेकामा भक्तपुर जिल्लाको साक्षरतादर ८१.७ प्रतिशत रहेको छ । पछिल्ला वर्षहरुमा सञ्चालन गरिएका साक्षरता तथा साक्षरोत्तर कक्षाहरुका कारण यो दरमा अझै सुधार आएको छ ।

## ख) स्वास्थ्य

वि.सं. १९६१ सालमै चन्द्र शमशेरको पालामा चन्द्र शमशेर डिस्पेन्सनरीका नामबाट स्थापित भक्तपुर अस्पताल रहेको यो जिल्लाको स्वास्थ्य सेवाको स्थिति सन्तोषजनक नै मान्नु पर्दछ । भक्तपुर क्यान्सर अस्पताल नेपालभरिका क्यान्सर पीडितहरुको भरोषा केन्द्र हो । सार्कराष्ट्रस्तरीय राष्ट्रिय क्षयरोग केन्द्र पनि भक्तपुरको थिमीमै रहेको छ । मानवअङ्ग प्रत्यारोपण केन्द्र, सिद्धिस्मृति महिला तथा बाल अस्पताल, डा. इवामुरा मेमोरियल अस्पताल, मध्यपुर ठिमी अस्पताल, नेपाल मेडिकल कलेज, कोरिया नेपाल मैत्री अस्पताल लगायत अन्य विभिन्न निजी तथा सरकारी स्वामित्वका अस्पताल र स्वास्थ्य केन्द्रहरुले जिल्लामा स्वास्थ्य सेवा दिइरहेका छन् । मेडिकल शिक्षातर्फको बढ्दो आकर्षण र स्वास्थ्यकेन्द्र माथिको सहज पहुँचले जनस्वास्थ्य र दीर्घायुमा सघाउ पुगिरहेको छ ।

## ग) यातायात

नेपालकै सुगम र विकसित उपत्यकाभित्र भएको भक्तपुर जिल्लामा यातायातको राम्रो सुविधा छ ।लोकन्थली देखि साँगाभञ्ज्याङ हुँदै जाने अरनिको राजमार्ग यहाँको एकमात्र राजमार्ग हो जसले एकातिर राजधानी सहर र अर्कोतिर चिनको स्वशासित क्षेत्र तिब्बतलाई नेपालसँग जोड्दछ । मूलतः भक्तपुरनगर वा अरनिको राजमार्गबाट सुरु भएर पूर्व, पश्चिम, उत्तर र दक्षिण चारैतिर सडक सञ्जालको विकास भएको छ । निकै पुराना र बनिरहेका सडकहरुले भक्तपुरका अधिकांश बस्तीहरुमा आउजाउ गर्न असाध्यै सजिलो भएको छ । प्रायः ठाउँमा पिच बाटाहरु बनिसकेका छन् र पहिले बाटोघाटोको असुविधा भएका ठाउँमा पनि कच्ची र ग्राभेल बाटाका साथै विभिन्न करिडोरहरु खोल्ने काम पनि धमाधम भइरहेको छ । उपत्यकामा बन्न लागेको बाहिरी चक्रपथको निर्माणसँगै भक्तपुरमा अझै सहज यातायातको व्यवस्था हुने स्पष्ट छ ।

## घ) सञ्चार

भक्तपुर क्षेत्रफलका हिसाबले सानो भएको र अतिविकट ठाउँहरु पनि नभएका कारण सञ्चारका दृष्टिकोणले सम्पन्न छ । अधिकांश बासिन्दाहरु टेलिफोन, मोबाइल, इमेल, इन्टरनेटको पहुँचभित्रै छन् । चारओटा टेलिफोन एक्स्चेन्ज मार्फत दूरसञ्चार कार्यालयले सेवा दिइरहेको छ भने विभिन्न मोबाइल फोन सेवाप्रदायक र इन्टरनेट सेवा प्रदायकहरुले पनि सञ्चारलाई सहज बनाइरहेका छन् । पछिल्ला वर्षहरुमा मानिसको जीवनस्तरमा सुधार हुँदै आएसँगै धेरै मानिसहरु रेडियो, टिभी, स्मार्टफोन आदिमा पहँच राख्दछन् ।विभिन्न स्थानीय पत्रपत्रिकाका साथमा भक्तपुर जिल्लामा सबै राष्ट्रिय पत्रपत्रिकाहरु पनि उपलब्ध हुन्छन् ।

## ङ) पेयजल

भक्तपुरमा दैनिक असी लाखदेखि एक करोड लिटरसम्म पेयजलको माग भएको कुरा तथ्याङ्कले देखाउँछ । केयूकेएलले नगरकोट फेदीको मुहान पोखरीबाट बीस लाख लिटर र मध्यपुर थिमीको बोडेबाट पन्ध्रलाख लिटर खानेपाली वितरण गरिरहेको छ । स्थानीय निकायहरुले पनि ठाउँठाउँमा बोरिङ, इनार आदिको व्यवस्था गरेर पेयजलको समस्या समाधान गर्ने प्रयास गरिरहेका छन् । हुन त काठमाडौं उपत्यकाभरि नै अपेक्षा गरिएअनुसार पेयजलको सहज उपलब्धता छैन । भक्तपुरको झौखेललगायतका क्षेत्रहरुमा प्रशोधित पानीको बिक्रीवितरण गर्ने दर्जनौं उद्योगहरु पनि छन् र ट्याङकरबाट पानी वितरण गर्ने व्यवसायीहरुले पनि सेवा दिने प्रयास गरिरहेका छन् । पानीका प्राकृतिक मुहानहरु सुक्दै गएका र नगरपालिका तथा

केयूकेएलले स्रोतभन्दा माग बढी भएका कारण अपेक्षित सेवा दिन नसक्दा पेयजलको समस्या समाधान हुन सकेको छैन ।

**च) खोलानाला**

हजारौं नदीनालाको देशभित्रको उपत्यका हुनाका बावजुद पनि भक्तपुरमा काठमाडौं जिल्लासित सिमाना छुट्याउने मनोहरा र नगरको बीचमा बहेको हनुमन्ते खोला नै प्रमुख हुन् । यिनै दुई खोलाहरुमा आएर मिल्ने सहायक खोलाखोल्साहरुमा खसाङखुसुङ खोला, दुर्गे खोला, चारखण्डे खोला आदि पर्दछन् । सामान्यतः आकासेखेतीबाट नै कृषिकर्म हुने भक्तपुरको जमिन भने रसिलो नै रहेका कारण यहाँ सानाठूला गरी दर्जनौं पोखरीहरुको अस्तित्व जीवित छ ।

**छ) खेलकुद**

विकसित देशहरुले खेलकुदलाई विकासको एउटा अपरिहार्य मापक भन्ने बुझेर यसलाई उच्च प्राथमिकतामा राख्ने गरेको भएता पनि हाम्रो देशमा यसलाई विशेष महत्व दिइएको देखिन्न । भर्खरभर्खर खेलकुदका लागि देशव्यापी लहर उठेको छ र खेलमैदान तथा कार्यक्रमका लागि प्राथमिकता दिन सुरु भएको छ । त्यस्तै भक्तपुरमा पनि अन्तर्राष्ट्रिय रङ्गशाला बनाउनका लागि पहल गरिँदै छ । फुटसल, फुटबल, क्रिकेटजस्ता खेलमा रुचि राख्ने भक्तपुरका बासिन्दाहरु कबड्डी, ब्याडमिन्टन, दौड, भलिबल, बास्केटबलतर्फ पनि आकर्षित छन् । विशेषगरी विद्यालय, कलेज, स्थानीय क्लबहरु र स्थानीय निकायहरुले खेलकुदका कार्यक्रमहरु चलाइरहेको देखिन्छ ।

**ज) पर्यटन**

पर्यटनका लागि स्वच्छ, सफा, शान्त र सुरक्षित भक्तपुर नेपालको प्रथम वर्गको रोजाइमा पर्ने जिल्ला हो । भक्तपुर र मध्यपुर नगरक्षेत्र र त्यहाँका विश्वप्रसिद्ध मन्दिरहरु, विहार, पाटीपौवा, दरबार तथा सांस्कृतिक गतिविधिका अतिरिक्त चाँगुनारायण मन्दिर, सूर्यविनायक मन्दिर, डोलेश्वर महादेवको मन्दिर, नगरकोट डाँडा लगायतका सुप्रसिद्ध गन्तव्यहरु देशविदेशमा चर्चित छन् । पर्यटनका अतिरिक्त तीर्थाटनका लागि पनि हजारौं आगन्तुकहरु देशविदेशबाट भक्तपुर आउने गर्दछन् । यहाँका ठूलासाना होटल तथा अन्य पर्यटन व्यवसायीहरु पर्यटकको सेवामा अभ्यस्त छन् । शालीन बासिन्दाहरु, मनकारी आतिथ्य, अपनत्व, सुगम क्षेत्र भएका कारण पनि भक्तपुर पर्यटकहरुका लागि प्यारो छ । थाङ्काचित्र तथा मौलिक हस्तकलाका सामग्रीहरुले पर्यटकीय मार्गहरु भरिएका हुन्छन् । भक्तपुर नगरपालिकाले पर्यटनको महत्वलाई आत्मसात् गर्दै नगरको सरसफाइमा अनुकरणीय काम गरिरहेको छ । प्रभावकारी गुरुयोजना र प्रचारप्रसारको विस्तार गर्न सकेमा भक्तपुर पर्यटनबाट नै आत्मनिर्भर बन्न सक्ने कुरामा सायद दुईमत नहोला ।

**झ) प्राकृतिक सम्पदा**

मानवनिर्मित कला र सांस्कृतिक सम्पदाका अतिरिक्त प्राकृतिक सम्पदामा पनि भक्तपुर जिल्ला सुसम्पन्न छ । पूर्वतिरको नगरकोट, उत्तरतिरको चाँगुनारायण, दक्षिणतिरको रानीकोट, आशापुरी र कैलाशपर्वत लगायतका डाँडाकाँडाका अतिरिक्त त्यहाँका हरियालीयुक्त वन सम्पदाले पनि भक्तपुरलाई धनी तुल्याएका छन् । मनोहरा खोला र हनुमन्ते खोलाबाट सिञ्चित भक्तपुर उर्बर माटोले गर्दा कृषिकर्मका लागि अनुकूल छ । वरिपरिका


पहाडहरु पत्थरिला छन् । समथर उपत्यका र डाँडा काँडामा केकस्ता खनिजपदार्थहरु छन् भन्ने बारेमा खासै खोज भएको छैन । काठमाडौं उपत्यका आफैंमा एउटा अतिप्राचीन सभ्यता भएकाले पनि खनिज पदार्थको उत्खनन्लाई महत्व दिन सकिने अवस्था छैन । वर्षभरि नै अनुकूल हावापानी, सन्तुलित वर्षात, उत्तम तापक्रम आदिले गर्दा यो जिल्ला बसोबासका लागि उत्कृष्ट छ ।


**ञ) सामाजिक अवस्था**

भक्तपुर एक बहु आयामिक जिल्ला हो जहाँ विभिन्न, धर्म, भाषा, जाति र संस्कृतिका मानिसहरुको बसोबास रहेको छ । पछिल्लो राष्ट्रिय जनगणना अनुसार ५५.८५ प्रतिशत नेवार, १८.५३ प्रतिशत क्षेत्री, १०.१४ प्रतिशत बाहुन, ६.५३ प्रतिशत तामाङ, १.६३ प्रतिशत मगरका साथमा अन्य जनजाति र दलितहरु भक्तपुर जिल्लामा मिलीजुली बस्दछन् । मातृभाषाका रुपमा ५४.१ प्रतिशत बासिन्दाहरुरञ्जना र हिमोलजस्ता आफ्नै लिपिहरु भएको नेपालभाषा बोल्दछन् । साझा भाषाका रुपमा बोलिने नेपाली भाषा नै मातृभाषा हुनेहरु ३६.९ प्रतिशत छन् र ६.४३ प्रतिशतले तामाङ भाषा बोल्दछन् । धर्मका हिसाबले ८७.८५ प्रतिशत हिन्दू, ९.१८ प्रतिशत बौद्ध, १.९७ प्रतिशत इस्लाम र केही अन्य धर्माव लम्बीहरु यहाँ बस्दछन् । विशेष गरी मूल नगरमा नेवारहरुको बसोबास छ । यसका साथै जिल्लाका छेउछाउमा भएका प्राचीन स्मारक र देवालयहरुका नजिक पनि नेवारहरु परापूर्व कालदेखि बसोबास गर्दै आएका छन् ।

देशकै साझा पर्वका रुपमा रहेका दसैं र तिहार सबैले मनाउँछन् । गाईजात्रा, बिस्काःजात्रा, धान्य पूर्णिमा, सितिनख, सकिमना पुन्ही, इन्द्रजात्रा, म्हपूजा, ईही, बाःराः तयेगु, पुलिकिसी, घन्टाकर्णको जात्रा आदि चाडपर्व र परम्परागत क्रियाकलापहरु नेवार समुदायमा आस्थाका साथ मनाइन्छन् । बुद्धपूर्णिमा, जनैपूर्णिमा, एकादशी पर्व, माघे सङ्क्रान्ति, मातातीर्थ औँशी, कुशे औंशी, श्रीकृष्ण जन्माष्टमी, श्रीपञ्चमी, शिवरात्री, फागु पूर्णिमा जस्ता पर्वहरु अधिकांश बासिन्दाहरुले साझा रुपमा मनाउने गर्दछन् । असारको पन्ध्र गते दहीचिउरा खाने, साउनको पन्ध्र गते खीर खाने, तीजको व्रतका अघिल्लो साँझ दर खाने, हरिबोधिनी एकादशीका दिन विभिन्न अनाजहरु, बदाम आदि भुटेर र सखरखन्ड र पिडालु उसिनेर प्रसाद चढाई खाने, माघे सङ्क्रान्तिका दिन घिउचाकु खाने, चैतेदसैंमा आफन्तहरु बोलाएर भोज गर्ने, तीजमा महिलाहरु निराहार भई पानीसमेत नपिई व्रत बस्ने, ऋषिपञ्चमीमा महिलाहरु व्रत बसी गङ्गास्नान गरी पूजा लगाउने, छोरीचेली किशोरावस्थामा प्रवेश गर्ने बेलामा गुन्युचोली दिनेजस्ता चलनहरु बाहुनक्षेत्रीको समाजमा लोकप्रिय छन् । यहाँ बसोबास गर्ने विभिन्न सम्प्रदायका मानिसहरू आआफ्नै विधिबाट कुलदेवताको पूजा गरी आफू र आफ्नो परिवारको मङ्गलकामना गर्दछन् । सबै जातिका आआफ्नै किसिमका जन्मसंस्कार, विवाह, व्रतबन्ध, दाहसंस्कार, श्राद्ध लगायतका रीतिरिवाजहरू छन् । विभिन्न पर्वमा थरीथरीका परिकारहरू पकाउने र परम्पराअनुसारका भेषभूषा लगाउने प्रचलन पनि उल्लेख्य छ । समग्रमा भक्तपुर जिल्ला मौलिकताका सन्दर्भमा एउटा उदाहरणीय जिल्ला हो ।

# भक्तपुर जिल्लाको नक्सा



# निर्वाचन क्षेत्रको विवरण

प्रतिनिधिसभा सदस्यकोलागि निर्धारित क्षेत्र संख्या २ रहेको छ भने प्रदेशसभा सदस्यकोलागि निर्धारित क्षेत्र संख्या ४ रहेको छ।

# स्थानीयतहको विभाजन

संघिय संरचना अनुसार भक्तपुर जिल्लाको स्थानियतहको विभाजन साविकका नगर र गा.वि.स. कावडाहरूलाइ समेटेर ४ वटा नगरपालीका विभाजन गरिएको छ । जसलाइ निम्नानुसार उल्लेख गरिएको छ ।

## १. चाँगुनारायण नगरपालिका

ऐतिहासिक एवं पुरातात्विक महत्वको दृष्टीकोणले परिचित भक्तपुर जिल्ला भित्रका ४ वटा नगरपालिका मध्ये चाँगुनारायण नगरपालिका नेपाल सरकारले मिति २०७३।११।२७ गतेको स्थानिय तह घोषणाबाट साविक चाँगुनारायण नगरपालिका र नगरकोट नगरपालिकालाई समेटेर गठन भएको हो । मिति २०७१।८।१६ को मन्त्रीपरिषदको निर्णय अनुसार साविक चाँगुनारायण, झौखेल, छालिङ, दुवाकोट गा.वि.स समेटेर चाँगुनारायण नगरपालिका तथा साविक नगरकोट बागेश्वरी, सुडाल र ताथली गा.वि.स समेटेर महामन्जुश्री नगरकोट नगरपालिका घोषणा भएको थियो । पछि महामन्जुश्री नगरकोट नगरपालिका मिलाएर नाम संशोधन भै नगरकोट नगरपालिका कायम भयो । चाँगुनारायण नगरपालिका रनगरकोटनगरपालिकामिलाएरचाँगुनारायणनगरपालिकाभएपछि९वटावडाकायमभईनगरपालिकाकोकेन्द्रखरिपाटी, भक्तपुरमा रहेको छ ।

समुन्द्री सतहबाट १,३७२ देखी २,१९१ मीटर उचाईमा रहेको नगरपालिकाको पूर्वमा मण्डन देउपूर नगरपालिका, काभ्रे पश्चिममा कागेश्वरी मनोहरा नगरपालिका,काठमाण्डौं र मध्यपुर ठिमि नगरपालिका,भक्तपूर,उत्तरमा शंखरापुर नगरपालिका,काठमाडौ र दक्षिणमा सुर्यबिनायक नगरपालिका र भक्तपुर नगरपालिका रहेको छ । जम्मा क्षेत्रफल ६२.९८ वर्ग कि मी रहेको यस नगरपालिका लिच्छवीकालीन धार्मिक, साँस्कृतिक ऐतिहासिक एवं पर्यटकिय दृष्टीकोणले अत्यन्त महत्वपूर्ण र विश्व सम्पदा सुचीमा सुचीकृत श्री चाँगुनारायण मन्दिर रहेकोले सो मन्दिरको नामबाट नै नगरपालिका नामाकरण भएको हो ।

चाँगुनारायण मन्दिरको निर्माण इ.स ३२३ मा हरिदत्त वर्माले गरेको भन्ने भनाइ छ भने इ स ५२१ को अभिलेख अनुसार राजा मानदेवले गरुड ध्वज चढाएको र गुठीका लागि खेत दान गरेको भन्ने अभिलेख रहेको पाइन्छ । विश्व सम्पदा सूचीमा सूचीकृत चाँगुनारायण मन्दिर र विश्वभरका पर्यटक आर्कषित गर्ने मनोरम प्राकृतिक छटाले सुशजित पर्यटकीय दृष्टकोणले अत्यन्त महत्वपूर्ण नगरकोट यहाँको अकर्षणयुक्त प्रमुख क्षेत्रको रुपमा रहेको छ । उत्तर तर्फ रहेको सालीनदीवाट सुरु भै पश्शिम तर्फको सिमाना हुँदै वग्ने मनोहरा नदी छिमेकी जिल्ला र नगरपालिकाको सिमाना निर्धारण स्तम्भ मानिन्छ ।

नगरपालिका भित्र सामुदायिक रुपमा संचालनमा रहेको एक मात्र श्रीकृष्ण बहुमुखी क्याम्पस र संस्थागत रुपमा संचालनमा रहेको नेपाल इन्जिनियरीड कलेजतथाकाठमाडौमेडिकलकलेजसमेतगरी३वटाकलेजहरुरहेकाछन्।नगरपालिका घोषणा भए पश्चात एकातिर गा.वि.स को सोचले नगरबासीको अस्तित्व वोध गर्न र नगरवासी भएको अनुभुती गर्न नपाई पर्याप्त सो्रत साधनको अभावमा समस्या झेलीरहेको अवस्थामा मिति २०७२ बैशाख १२ गतेको विनाशकारी भुकम्प र तत्पश्चात वैशाख १३,वैशाख २९ गते लगाएतका विभिन्न पराकम्पनहरुबाट नगरबासीहरुले ठूलो धनजनको क्षति व्यहोर्नबाट समेत अछुतो रहन सकेनन् । त्यस अवस्थाको क्षति र पिडाको कारणले हालसम्म पनि व्यवस्थित बसोबासको समस्या समाधान उपलब्ध हुन सक्ने राहत रकम, सुविधाहरुकोर्सवसुलभ प्राप्तीको लागि नगरपालिकाले समन्वयात्मक भुमिका निर्वाह गर्नुपर्ने अवस्था छ ।

केन्द्रः साविक नगरकोट नगरपालिकाको कार्यालय

जनसङ्ख्या:_८८०८३

क्षेत्रफलः ६२.९८ (वर्ग कि.मि.)

वडा संख्याः ९

| वडा नं. | समावेश भएका साविक गा.वि.स./न.पा.हरू | साविक वडा नं. | क्षेत्रफल | जनसङ्ख्या |
|---|---|---|---|---|
| १ | चाँगुनारायण | १४-१६ | | |
| २ | चाँगुनारायण | १२,१३,१७ | | |
| ३ | चाँगुनारायण | ५-७ | | |
| ४ | चाँगुनारायण | ८-११ | | |
| ५ | चाँगुनारायण | १-४ | | |
| ६ | नगरकोट | ११-१३ | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | नगरकोट | ८-१० | | |
| ८ | नगरकोट | ४-७ | | |
| ९ | नगरकोट | १-३ | | |

## २. भक्तपुर नगरपालिका

**साँस्कृतिक नगर भक्तपुरको परिचयः**

स्थानीय नेवारी भाषामा ख्वप नामले चिनिने भक्तपुर काठमाण्डौ उपत्यकाको पूरानो नेवारी साँस्कृतिक केन्द्र हो । यो नगर नेपालको राजधानी काठमाण्डौबाट १५ कि.मी. पूर्वमाअवस्थित छ । भक्तपुरको पूर्वमा काभ्रे जिल्ला उत्तर पूर्वमा काठमाण्डौ जिल्ला र दक्षिणमा ललितपुर जिल्ला पर्दछ । यो नगर समुद्री सतहबाट १४०१ मीटर माथि अवस्थित छ । यस नगर ६.८८ वर्ग कि.मी. फैलिएको छ । यस नगरमा ९० प्रतिशतभन्दा बढी नेवार र बाँकी ब्राम्हण, मुस्लिम र अन्यजातिहरु बसोबास गर्दछन् । वि.सं. २०७८ सालको जनगणना अनुसार ऐतिहासिकनगरी भक्तपुरमा ७९१३६ जनसंख्याबसोबास गर्दछन् । यहाँका सम्पदा संरक्षणलाई प्रशंसा गर्दै युनेस्कोले यस शहरलाई सन् १९७९ माविश्व सम्पदा सूचीमा सूचीकृत गरियो । नेपालको लिखित ईतिहास भक्तपुरको चाँगुनारायण बाट शुरु हुन्छ । जुजु धौ, भादगाउँले टोपी, हाकु पटासी, माटोको भाँडाकुडा र हस्तकला आदीले भक्तपुर नगरको परिचय र मौलिकता झल्काउँछ ।

नेपालको लिखित ईतिहास भक्तपुरको चाँगुनारायणमा रहेको पाँचौ शताब्दीको लिच्छबीकालिन शिलालेखबाट प्रारम्भ भएको हो ।भक्तपुर नगर सर्वप्रथम आठौं शताब्दीमा राजाआनन्द देवले स्थापना गरेको थियो । यहाँको सबै भन्दा पूरानो मन्दिर दत्तात्रयको मन्दिर १५ औं शताब्दीमा राजायक्षमल्लको पालामा बनेको थियो । यो नगर बाह्रौं शताब्दी देखि पन्ध्रौं शताब्दीसम्म नेपालको राजधानीनगरको रुपमा रहेको थियो । यो नगर १८ औं शताब्दी सम्म एउटा स्वतन्त्र राज्यको रुपमा रहेको थियो । भक्तपुर नगर राजनैतिक रुपमा १० वडा र २४ वटा टोलहरुमा विभाजित छ । भौगोलिक रुपमा यो नगर उडिरहेको परेवाको आकारमा पूर्व पश्चिम ४.५ कि.मी. लम्बाई र उत्तर दक्षिण १.५ कि.मी. चौडाइमा फैलिएको छ । यस नगरको उत्तर र दक्षिणमा दुई वटा नदी र नगरभरी पोखरीहरु छरिएका छन् ।

भक्तपुर नगर काठमाण्डौ उपत्यकाको एक भाग हो । त्यसैले यस नगरको हावापानी काठमाण्डौ उपत्यकाको हावापानी संग मिल्दोजुल्दो छ । यस शहरको तापक्रम गर्मी याममा अधिकतम ३५ डिग्री सेल्सियस र हिउँदमा न्युनतम –३ डिग्री सेल्सियस सम्म पुग्दछ । यहाँको औसत वर्षा १३६२.२ मिलीमीटर र ९० प्रतिशत वर्षा मनसुनमा (जेष्ठ महिना देखि भदौ सम्म) हुन्छ ।

केन्द्रः साविक भक्तपुर नगरपालिकाको कार्यालय
जनसङ्ख्याः ७९१३६
क्षेत्रफलः ६.८९ (वर्ग कि.मि.)
वडा संख्याः १०

| वडा नं. | समावेश भएका साविक गा.वि.स./न.पा.हरू | साविक वडा नं. | क्षेत्रफल | जनसङ्ख्या |
|---|---|---|---|---|
| १ | भक्तपुर | १७ | | |
| २ | भक्तपुर | १०,१५ | | |
| ३ | भक्तपुर | १३,१६ | | |
| ४ | भक्तपुर | १२,१४ | | |
| ५ | भक्तपुर | ८,११ | | |
| ६ | भक्तपुर | ५,९ | | |
| ७ | भक्तपुर | ६,७ | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | भक्तपुर | २ | | |
| ९ | भक्तपुर | १,३ | | |
| १० | भक्तपुर | ४ | | |

३. मध्यपुर थिमी नगरपालिका

भक्तपुर जिल्ला, बागमती प्रदेश अन्तर्गत पर्ने मध्यपुर थिमि नगरपालिकाको गठन वि.स. २०५३ साल चैत्र १४ गते तत्कालिन बोडे, नगदेश, चपाचो, बालकुमारी र दिव्यश्वरी गाउँ विकास समितिहरुलाई एक आपसमा गाभी बनाइएको हो । तत्कालीन अवस्थामा स्थानीय निकायको रुपमा रहेको यस मध्यपुर थिमि नगरपालिकामा १७ वटा वडा भएकोमा नयाँ संविधानको प्रावधान बमोजिम स्थानीय तहको रुपमा गठन हुँदा ९ वटा वडा कायम भएको छ । यस नगरको पूर्वमा भक्तपुर र चाँगुनारायण नगरपालिका, पश्चिममा काठमाडौ महानगरपालिकाको सिनामंगल, उत्तरमा कागेश्वरी मनोहरा नगरपालिका र दक्षिणमा सुर्यबिनायक नगरपालिका र महालक्ष्मी नगरपालिका पर्दछन् ।

विश्व मान चित्रमा यो नगरपालिका २७०४०' देखि २७०४२' उत्तरी अक्षांशसम्म र ८१०२२'३०"पूर्वदेखि८५०२५'०"देशान्तरसम्मफैलिएररहेकोछ।११.४७वर्गकिलोमिटरक्षेत्रफलरहेकोयोन गरसमुन्द्रीसतहवाट१३२६मिटरकोउचाईमाअवस्थितछ।यसनगरपालिकाले जिल्लाको कूल भूभागको (११९ वर्ग कि.मि.) ९.६ प्रतिशत भूभाग ओगटेको छ । यो शहर ऐतिहासिक, कला, संस्कृति र शिल्पकारिताका कारण विश्वप्रसिद्ध छ । समशितोष्ण हावापानी भएको यस नगरपालिकामा औसत तापक्रम न्यूनतम १ डिग्री सेल्सीयस देखि ३५ डिग्री सेल्सीयससम्म पुग्ने गर्दछ । नगरपालिका क्षेत्रमा औसत वर्षा १२३.१ मिलिमिटर सम्म हुने गर्दछ ।

केन्द्रः साविक मध्यपुर थिमी नगरपालिकाको कार्यालय
जनसङ्ख्या: ११९७५६
क्षेत्रफलः ११.४७ (वर्ग कि.मि.)
वडा संख्याः ९

| वडा नं. | समावेश भएका साविक गा.वि.स./न.पा.हरू | साविक वडा नं. | क्षेत्रफल | जनसङ्ख्या |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | मध्यपुर थिमी | १६ | | |
| २ | मध्यपुर थिमी | १७ | | |
| ३ | मध्यपुर थिमी | १५ | | |
| ४ | मध्यपुर थिमी | १२-१४ | | |
| ५ | मध्यपुर थिमी | ९-११ | | |
| ६ | मध्यपुर थिमी | ७,८ | | |
| ७ | मध्यपुर थिमी | ४-६ | | |
| ८ | मध्यपुर थिमी | १,२ | | |
| ९ | मध्यपुर थिमी | ३ | | |

## ४. सूर्यविनायक नगरपालिका

भक्तपुर नगरबाट २ कि.मी. दक्षिण साविक सिपाडोल गा.वि.स मा पर्ने सूर्यविनायक क्षेत्र धार्मिक एवं ऐतिहासिक दृष्टिकोणबाट अति महत्वपुर्ण छ । यहाँको प्रसिद्ध सूर्यविनायक (गणेश) मन्दिर लिच्छिवि कालमा शिखर शैलीमा निर्माण भएको पाईन्छ । काठमाँडौ, पाटन, बनेपा, भक्तपुर जिल्लाका भक्तजनहरु हरेक मंगलवार र माघ महिनामा घुइचोका साथ यस गणेश मन्दिरको दर्शनार्थ आउने गरेको पाईन्छ । सूर्यविनायकको पुजाबाट भाग्य निर्माण हुने र सद्बुद्धि आउने आम धारणा रहेको छ । हरीयाली रमणीय डाँडा रहेको कारणले यो क्षेत्र पर्यटकीय एवं पिकनीक स्थलको रुपमा प्रख्यात छ । सूर्यविनायकको जंगलमा ९९ प्रजातिका चराचुरुङ्गी पाइने हुनाले यो स्थलले चराचुरुङ्गी आबलोकन (Bird Watching) को लागी पनी क्रमशः प्रसिद्ध पाउदै आएको छ ।

यो नगरपालिका बागमती प्रदेश अन्तर्गत भक्तपुर जिल्लामा पर्दछ । भौगोलिक दृष्टिबाट यो नगरपालिका पुर्व देशान्तर ८५०२३' देखि ८५०२९' को विचमा र उत्तर आक्षांश २७०३७' देखि २७०४०' को विचमा पर्दछ । नगरपालिकाको क्षेत्रफल : ४२.४५ वर्ग कि.मी. उत्तरी आक्षांश : २७०३७' देखि २७०४०' पूर्वी देशान्तर : ८५०२३' देखि ८५०२९' उचाई : समुद्र सतह देखि १३७२ देखि २०२५ मी. सम्म ।

सिपाडोल पहाडी खण्डको पश्चिम कालीटारको पूर्व र चून देवीको दक्षिणी भेगलाई दक्षिणी पहाडी खण्डमा विभाजित गरिएको छ । यो पहाडी इलाकाको उचाइ चूनदेवीबाट बढ्दै गई गुण्डुको दक्षिणी भेगमा २०२५ मिटर सम्मको उचाईमा पुगेको छ । यस पहाडको लम्बाई करिब ४.८ कि.मि. छ । यसबाट उत्पत्ती हुने खोलामा पूर्वीतिर सिपाडोल खोला र कल्का खोला दक्षिणबाट बगेर उत्तर तिर हनुमन्ते खोलामा मिल्न जान्छ । काठमाण्डौं उपत्यकाको दक्षिण पूर्वमा अवस्थित यो क्षेत्रको दक्षिण पश्चिममा गोदावरी र चारखण्डे खोलाको जलाधार रेखा तथा पूर्वमा काभ्रेपलाञ्चोक जिल्लाको पश्चिमी सिमाना रहेको छ । यस क्षेत्रको जग्गाको भिरालो पन दक्षिण र पूर्वबाट क्रमशः पश्चिम तिर १-५ डिग्री सम्मको छ । त्यसैले यस क्षेत्रका सम्पूर्ण खोलाहरु पूर्व उत्तर र दक्षिणबाट पश्चिमतर्फ बग्ने गरेका छन् ।

केन्द्रः साविक सूर्यविनायक नगरपालिकाको कार्यालय

जनसङ्ख्याः १४००८५

क्षेत्रफलः ४२.४५ (वर्ग कि.मि.)

वडा संख्याः १०

| वडा नं. | समावेश भएका साविक गा.वि.स./न.पा.हरू | साविक वडा नं. | क्षेत्रफल | जनसङ्ख्या |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | अनन्तलिङ्गेश्वर | ६-९ | | |
| २ | अनन्तलिङ्गेश्वर | १-३ | | |
| ३ | अनन्तलिङ्गेश्वर | ४५ | | |
| ४ | अनन्तलिङ्गेश्वर | १०-१२ | | |
| ५ | सूर्यविनायक | १-४ | | |
| ६ | सूर्यविनायक | ५ | | |
| ७ | अनन्तलिङ्गेश्वर | १३-१५ | | |
| ८ | सूर्यविनायक | ६-८ | | |
| ९ | सूर्यविनायक | ९-११ | | |
| १० | सूर्यविनायक | १२-१४ | | |

# भक्तपुर जिल्लाका प्रमुख विशेषताहरु

(क) बिस्केट जात्रा

बिस्का जात्राको शाब्दिक अर्थ खोज्ने हो भने बिस्का जात्रालाई कतै बिसिकायात्रा, कतै विश्वख्यालयात्रा, विश्वनाथको अनुहारको यात्रा, बिस्केटजात्रा आदि नामले सम्बोधन गरिएको छ । ’बि– स्याको वा बि– सि ख्वाट शब्दबाट बिस्केट शब्द बनेको भन्ने पनि रहेको छ । बि अर्थात् ’सर्प÷ र स्याको अर्थ ’मार्नु÷ हो । स्थानीय शब्दमा यसलाई कतै बिसिका (वि– सर्प र सिका– मारेपछि) भनिने त कतै विस्यात – लामो काठको लिङ्गो), विसिख्वाट (सर्प भएको लिङ्गो) पनि भन्ने गरेको पाइन्छ । भक्तपुरमा भने यस जात्रालाई ’बिस्याका जात्रा÷ अर्थात् (सर्प मारिएको उपलक्ष्यमा गरिने जात्रा) भनेर मनाउँछन् । त्यस्तै कसैले भने ’बि– सिका÷ शब्द विश्व– झन्डाको अपभ्रंश हो भनेर मानेका छन् । धुलिखेलका स्थानीयहरू यस जात्रालाई ’बिख्या÷ भन्ने गर्दछन् ।





चैत मसान्तको दिन योसीं (काठको लिङ्गो) उठाउने र वैशाखको पहिलो दिन उक्त योसीं ढाल्ने गरिन्छ । योसिं द्यः मा एक जोडी ध्वजा हुन्छ । जसको लम्बाइ लगभग ३५ हात र अर्को ध्वजाको लम्बाइ ३४ हातको हुनुपर्ने उल्लेख गरिएको छ । यही ध्वजालाई कतै नागनागिनी भनिएको छ । यससँग सम्बन्धित विभिन्न किंवदन्तीहरू पनि छन् । यही नागनागिनी भनिने ध्वजालाई नेपालभाषामा हलिंपत भनिन्छ । जहाँ हलिं को अर्थ ’विश्व÷ अनि पत भन्नाले ’ध्वजा÷ भन्ने हुन्छ । यसबाट यो विश्वध्वज विजयको प्रतीक वीरध्वजासमेत हुनसक्ने संस्कृत्विद्हरूको भनाइ छ ।

(ख) भक्तपुर दरवार क्षेत्र



(ग) पाँचतले मन्दिर



(घ) पच्पन्न झ्याले दरबार



(ङ) चाँगुनारायण मन्दिर



(च) दत्तात्रय मन्दिर



## (छ)    सिन्दुर जात्रा तथा जिब्रो छेड्ने जात्रा

भक्तपुरको मध्यपुर ठिमीस्थित बोडेमा नया वर्षको दोस्रो दिन सिन्दुर तथा जिब्रो छेड्ने जात्रा मनाइने गरिन्छ । जिब्रो छेड्ने जात्रालाई सहकालको देउताको रूपमा मान्ने गरिन्छ । रोग ब्याधी नलागोस्, बालीनाली सप्रियोस, खडेरी नपरोस र सबै जनताले सुख पाउन भन्ने प्राथना गर्दै सहकालका देउताको प्रर्थना गर्ने परम्परा रहेको छ । परापूर्व कालमा एउटा राक्षसले गाउंमा छिरेर दुख दिएको र त्यसलाई सबै जनताले मिलेर कहिले नफर्किने गरी गाउँबाट लखेटेको खुसीयालीमा सिन्दुर जात्रा मनाउन थालिएको किंवदन्ती छ भने राक्षसको सांकेतिक प्रदर्शनी स्वरूप जिब्रो छेड्ने जात्रा पनि मनाइने गर्दछ । जात्राको प्रमुख आर्कषण जिब्रो छेडाउने व्यक्ति हुने गर्दछ ।






## जिल्ला समन्वय समितिको स्वरूप र प्रकृति

जिल्ला समन्वय समितिको कार्यालय निर्वाचित जनप्रतिनिधिहरुले नेतृत्व गर्ने कार्यालय हो । नेपालको संविधानको धारा २२०(१) मा भएको व्यवस्था बमोजिम जिल्ला भित्रका गाँउपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न जिल्ला सभाको गठन भएको हो । जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था रहेको छ । भक्तपुर जिल्ला समन्वय समितिमा प्रमुख, उपप्रमुख र ५ जना सदस्य गरी जम्मा ७ जना पदाधिकारी रहनु भएको छ । भक्तपुर जिल्ला समन्वय समितिको वैठक प्रत्येक महिनाका पहिलो साता नियमित रुपमा बस्ने गरको छ भने आवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ । केन्द्र सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्वि. श्रेणी) को नेतृत्वमा निजामती स्थायी तथा करार सेवा तर्फका कर्मचारीहरु कायर्रत रहेका छन् । नेपालको संविधानका साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरेको छ। यसका अलावा प्रदेश कानूनले समेत जिल्ला समन्वय समितिको कार्यलाई व्यवस्थित गरेको छ।

## जिल्ला समन्वय समितिकोकाम, कर्तव्य र अधिकार

(क) नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरुः-

- जिल्ला भित्रका गाँउपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमनको कार्य गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाँउपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने ।

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका कार्यहरुः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छः

- जिल्लाभित्रका गाउँपालिका वा नगरपालिका बीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्वन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मागर्दर्शन दिने र त्यसरी दिएका सुझाव वा मागर्दर्शनलाई सावर्जनिक गर्ने,
- जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,
- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बीच समन्वय गर्ने,
- जिल्लाभित्रका गाउँपालिका र नगरपालिक बीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
- जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
- जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सझ्झाव दिने,
- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने,प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आथिर्क वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,


- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदसदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

(ग) बागमती प्रदेश कानून र नियमावली बमोजिमका कार्यहरुः-

नेपालको संविधान तथा यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

- बिकास निर्माण कार्यमा स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारका कार्यालयहरु बीच समन्वय र सहकार्य गर्ने ।
- जिल्ला भित्रका विकास निर्माण, योजना कार्यान्वयन तथा प्रदेशसरकारले निर्देशन गरे बमोजिम अनुगमन सम्बन्धी कार्य गर्ने ।
- जिल्ला भित्रका विभिन्न सूचना, तथ्याङ्क, सरकारी सम्पति लगायतकाविषयका अभिलेख अद्यावधिक गर्ने ।
- जिल्ला भित्रका स्थानीय तहको क्षमता विकासमा सहयोग, समन्वय र प्रोत्साहन गर्न प्रदेश सरकारलाई सुझाव दिने,
- स्थानीय तहहरु बीच उठेका विवाद समाधान गर्न सहजिकरण गर्ने,
- स्थानीय तहको समग्र विकासका लागि अध्ययन, अनुसन्धान, प्रशिक्षण लगायतका कार्यहरु गर्ने,
- आफूले गरेका काम कारबाही सम्बन्धमा सुझाव सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको साठी दिन भित्र प्रदेश सरकार समक्ष पेश गर्ने ।
- बागमती प्रदेश नियमावलीमा व्यवस्था भए बमोजिमका कार्यहरु गर्ने।

# जिल्ला समन्वय समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुको संख्या र कार्यविभाजन




क) जिल्ला समन्वय समितिका पदाधिकारीज्यूहरुको विवरण

| सि.नं. | पदाधिकारीको नाम | पद/श्रेणी |
|---|---|---|
| १ | श्री ईश्वर वहादुर थापा | प्रमुख |
| २ | श्री सुजाता वाडे वैद्य | उप प्रमुख |
| ३ | श्री विनु के सी | सदस्य |
| ४ | श्री विश्वराम त्वानावासु | सदस्य |
| ५ | श्री राममाया मिजार | सदस्य |
| ६ | श्री नानु कार्की | सदस्य |
| ७ | श्री मन्जु कार्की | सदस्य |

(ख) जिल्ला समन्वय समितिमा हाल कार्यरत स्थायी निजामती कर्मचारीहरुको विवरणः

| सि.नं. | पदाधिकारीको नाम | पद/श्रेणी |
|---|---|---|
| १ | श्री राधाकृष्ण खतिवडा | जि.स.अ./रा.प.द्धितीय |
| २ | श्री सविन कासुला | ई./रा.प.तृतीय |
| ३ | श्री राजाराम खतिवडा | शा.अ./रा.प.तृतीय |
| ४ | श्री खेमराज ढकाल | लेखापाल/रा.प.अनं.प्र. |
| ५ | श्री रामकुमार खड्का | नायव सुव्वा/रा.प.अनं.प्र. |

| | | |
|---|---|---|
| ६ | श्री कल्पना खड्का | खरिदार /रा.प.अनं.द्धि. |

ग) जिल्ला समन्वय समितिमा हाल रिक्त रहेका पदको विवरणः

१) सवईन्जिनियर रा.प.अन. प्रथम प्राविधिक – १ (एक)

२) कार्यालय सहयोगी श्रेणी विहिन - १(एक)

जिल्ला समन्वय समितिमा हाल करारमा कार्यरत कर्मचारीहरुको विवरण

| सि.नं. | कर्मचारीको नाम | पद/श्रेणी |
|---|---|---|
| १. | श्री आशिष के.सी. | रा.प.अनं.प्र. वा सो सरह (जि.स.स. प्रमुखज्यू को निजी सचिव) |
| २. | श्री भिमनाथ गेलाल | सवारी चालक |
| ३. | श्री सरोज न्यौपाने | सवारी चालक |
| ४. | श्री शैलेन्द्र मलेकार | कार्यालय सहयोगी |
| ५. | श्री लक्ष्मण न्यौपाने | कार्यालय सहयोगी |
| ६. | श्री नसिम घ्यौला | सफाई कर्मचारी |

जिल्ला समन्वय समिति बाट प्रदान गरिने सेवाहरुः

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ साथै संघीय र प्रदेश कानुन बमोजिमका सवै सेवाहरु ।
- नागरिक बडापत्र तयार गरिएिको ।
- जि.स.स.बाट सम्पादन गरिने कामहरुको विवरण सार्वजनिक गर्ने गरिएको ।

सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी |
|---|---|---|
| १ | व्यवस्थापन तथा सूचना शाखा | ई. श्री सविन कासुला<br>शा.अ. श्री राजाराम खतिवडा |
| २ | अनुगमन तथा मूल्यांकन शाखा | ई. श्री सविन कासुला<br>शा.अ. श्री राजाराम खतिवडा |
| ३ | प्रशासन शाखा | ना.सु.रामकुमार खड्का<br>खरिदार श्रीं कल्पना खड्का |
| ४ | लेखा शाखा | ले.पा.श्री खेमराज ढकाल |
| ५ | स्टोर शाखा | ख. श्री रामकुमार खड्का |

सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः

- जिल्ला समन्वय समितिले प्रदान गर्ने सवै सेवा निशुल्क रुपमा प्रदान हुने ।

निर्णय गर्ने प्रकृया र अधिकारः

- शाखासंग सम्वन्धित नियमित कामहरुको निर्णय शाखा प्रमुखबाट हुने ।
- शाखा प्रमुखबाट हुन नसकेका निर्णय र कायार्लय प्रमुखबाटै निर्णय हुने भनी तोकिएका विषयमा कार्यालय प्रमुखबाट निर्णय हुने ।
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिको वैठकबाट हुने ।

निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- कार्यालयको दैनिक कामकाज सम्वन्धमा भएको निर्णय सम्वन्धी उजुरी – जिल्ला समन्वय अधिकारी

# खण्ड ख

आर्थिक वर्ष २०८१/०८२ मा भएगरेका योजना, कार्यक्रम  एवम् अनुगमनहरुको प्रगति

आर्थिक वर्ष २०८१/०८२ को वित्तीय एवम् भौतिक प्रगति

## सम्पादन गरेका कामको विवरणः

- प्रतिनिधि सभा सदस्य माननीय श्री दुर्लभ थापाज्युको प्रमुख आतिथ्यता तथा प्रदेश सभा सदस्यज्यूहरुको विशेष आतिथ्यता तथा जिल्ला समन्वय समिति भक्तपुरका प्रमुख श्री ईश्वर बहादुर थापाज्यूको अध्यक्षतामा भक्तपुर जिल्ला स्थित स्थानीयतह, संघीय सरकार तथा प्रदेश सरकार मातहतका कार्यालयहरु, सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको आ.व.२०८०/८१ मा संचालित विकास निर्माण तथा सेवा प्रवाह सम्वन्धी बार्षिक समिक्षा कार्यक्रम भब्यताका साथ मिति २०८१।०७।११ देखि १३ गते सम्म सम्पन्न भयो ।
- जिल्लामा स्थानीय तहहरु ,प्रदेश कार्यालय र संघीय कर्यालय बीच विभिन्न विषयमा आवश्यक समन्वय र सहजीकरण गरिएको ।
- मिति २०८१ माघ २२ गते देखि माघ २७ गते सम्म राष्ट्रिय अभियानको रुपमा सञ्चालित HVP खोप अभियान कार्यक्रमको प्रभावकारिता सुनिश्चित गर्न विभिन्न खोप केन्द्रहरुमा जिल्ला खोप समन्वय समितिका प्रमूख, जिल्ला समन्वय समितिका उपप्रमुख, सदस्यहरु लगायत कर्मचारीहरु सहितको टोलीबाट अनुगमन गरिएको।
- मिति २०८१ फाल्गुन महिनाको अन्तिम साता अनुगम कार्यक्रम अन्तर्गत भक्तपुर जिल्लाको जुद्द बारुण यन्त्र कार्यलय ,जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय ,आयुर्वेद तथा वैकल्पिक चिकित्सालय रशिक्षा विकास तथा समन्वय इकाई लगायतका कार्यालयहरुकोअनुगमन र अवलोकन गरिएको ।
- मिति २०८१ चैत्र ७ गते देखि चैत्र १५ गते सम्म जिल्ला समन्वय समिति भक्तपुरका पदाधिकारीज्युहरुबाट SEE परीक्षा सञ्चालन सम्बन्धमा अनुगमन गरिएको ।
- जिल्ला समन्वय समिति, भक्तपुरद्वारा मिति २०८१ चैत्र ८ र ९ गते जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि दुई दिने क्षमतावृद्धि कार्यक्रम नगरकोटमा आयोजना भयो । कार्यक्रममा जि.स.स प्रमुख, उपप्रमुखलगायत सबै सदस्यहरुको उपस्थिति रहेको थियो। त्यसैगरि कर्मचारी तर्फबाट जि.स.अलगायत सबै कर्मचारीहरुको उपस्थिति रहेको थियो।कार्यक्रममा प्रशिक्षकको रुपमा श्री पंकज भुर्तेल र श्री घनस्याम खड्का तथा जिल्ला समन्वय अधिकारी श्री राधाकृष्ण खतिवडा हुनुहुन्थ्यो ।

- मिति २०८२ वैशाख १९ गते जिल्ला समन्वय समितिको आयोजनामा भक्तपुर जिल्लास्थित जेष्ठ नागरिकहरुको सम्मान तथा अन्तरक्रिया कार्यक्रम आयोजना भयो । कार्यक्रममा भक्तपुर जिल्लाका ३८ वडाका जेष्ठ नागरिकहरुको प्रतिनिधित्व गर्दै जेष्ठ नागरिकहरुको उत्साहजनक उपस्थिति थियो ।
- मिति २०८२ वैशाख ३० र ३१ गते जिल्ला समन्वय समितिको आयोजनामा "महिला सचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रमसम्पन्न गरियो । मिति २०८२ वैशाख ३० गते चाँगुनारायण नगरपालिका र

भक्तपुर नगरपलिकामा रहेका अगुवा महिलाहरुका लागि  सञ्चलित कार्यक्रमको अध्यक्षता जि स स प्रमुख श्री ईश्वर बहादुर थापा, अतिथि भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री गोपाल प्रसाद अर्याल तथा कार्यक्रममा सहजकर्ताको रुपमा अधिवक्ता श्री शम्भु दाहालको उपस्थिति रहेको थियो भने दोस्रो दिन वैशाख ३१ गते सुर्यविनायक नगरपालिका र मध्यपुर थिमि नगरपालिकाका अगुवा महिलाहरुका लागि सञ्चलित कार्यक्रममा सहजकर्ताको रुपमा वरिष्ठ अधिवक्ता श्री यादव प्रसाद अधिकारी र श्री घनश्याम दाहालको उपस्थिति रहेको थियो ।

- मिति २०८२ जेठ ४ गते पालिका र प्रदेश कार्यालयहरुकोअर्धवार्षिक प्रगति समीक्षा कार्यक्रम जिल्ला समन्वय प्रमुख ईश्वर बहादुर थापा ज्यूको अध्यक्षता सम्पन्न भयो। कार्यक्रमको प्रमुख अतिथिको रुपमा भक्तपुर जिल्लाको प्रमुख जिल्ला अधिकारी श्री गोपाल प्रशाद अर्याल ज्यूको उपस्थिति रहेको थियो। कार्यक्रममा जलस्रोत तथा सिचाइ डिभिजन कार्यालय,कृषि बिकास कार्यालय,डिभिजन वन कार्यालय,भक्तपुर नगरपालिका,खानेपानी तथाढल व्यवस्थापन कार्यालय ,जनस्वास्थ्य कार्यालय भक्तपुर,आयुर्वेद तथा वैकल्पिचिकित्सालयका प्रतिनिधिज्यूहरुले आफ्नो प्रस्तुतिकरण प्रस्तुतिरहेको थियो ।
- गणतन्त्र दिवस, २०८२ को उपलक्ष्यमा लोकतान्त्रिक आन्दोलनका क्रममा भक्तपुर जिल्लाका शहीद परिवार, वेपत्ता परिवार र घाईतेअपाङ्ग व्यक्तिहरुलाई सम्मान कार्यक्रम/सम्पन्न
- मिति २०८२ जेठ २६ जिल्ला समन्वय समितिको आयोजना र वातावरण संरक्षण मञ्च , भक्तपुरको समन्वयमा वातावरण संरक्षण सम्बन्धि अन्तरक्रिया कार्यक्रम जि.स.स. प्रमुख श्री ईश्वर बहादुर थापाज्यूकोसम्पन्न भयो।कार्यक्रममा सहजकर्ताका रुपमा शाखा अधिकृत श्री राम प्रसाद गोतामे ज्यू र त्रिभुवन विश्वविद्यालयका स. प्र . श्री दीप नारायण शाहज्यूको उपस्थिति रहेको थियो।
- मिति २०८२ जेठ ३० गते जिल्ला समन्वय समितिको कार्यालय भक्तपुरको आ.व. २०८१/०८२ (आन्तरिक) समिक्षा कार्यक्रम जिल्ला समन्वय समितिको प्रमुख श्री ईश्वर बहादुर थापा ज्यूको अध्यक्षता सम्पन्न भयो।कार्यक्रममा जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारका कुराहरु प्रष्ट पार्दै कार्यालयको प्रगति विवरणको समिक्षा गरिएको ।
- मिति २०८२ असार १७ गते जिल्ला समन्वय समिति, भक्तपुरको आयोजनामा "स्थानिय तहका न्यायिक समितिहरुको कार्य प्रभावकारीता सम्बन्धि समिक्षात्मक बैठक/अन्तरक्रिया" कार्यक्रम जि.स.स. प्रमुख ईश्वर बाहादुर थापा ज्यूको अध्यक्षता रहेको कार्यक्रममा भक्तपुर नगरपालिका, सुर्यविनायक नगरपालिका र चागुँनारायण नगरपालिकाका उप प्रमुखहरु तथा चारवटा नगरपालिकाको तर्फबाट न्यायिक समितिको सदस्यहरूको उपस्थिति रहेको थियो। अतिथिको रुपमा प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे र जिल्ला प्रहरी परिसर, भक्तपुरका प्रहरी उपरीक्षक माधव बुढाथोकीको उपस्थिति रहेको थियो। कार्यक्रममा सहजकर्ताको रुपमा पुर्व न्यायाधीश श्रीमान गौरी बाहादुर कार्की र साहायक जिल्ला न्यायधिवक्ता सुरबाहादुर परियारको उपस्थितिको रहेको थियो।
- मिति २०८२ असार ३० गते जिल्ला समन्वय समितिको आयोजनामा र भक्तपुर जिल्ला खेलकुद विकास समितिको व्यवस्थापनमा १५ औंकेन्द्रिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता र १५ औं वागमती प्रदेश

स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा विभिन्न खेलहरुमा पदक जित्न सफल खेलाडिहरुलाई र प्रशिक्षकहरुलाई सम्मान कार्यक्रम आयोजना गरियो। कार्यक्रमको अध्यक्षता भक्तपुर जिल्ला समन्वय समितिका प्रमुख श्री ईश्वर बहादुर थापाज्यू ले गर्नु भएको थियो। त्यसैगरी, अतिथिको रुपमा जि.स.स. उपप्रमुखश्रीसुजाता वाडेज्यू , भक्तपुर जिल्ला खेलकुद विकास समितिको अध्यक्ष श्री राजु थापाज्यू , जि.स.स. का सदस्यज्युहरू र भक्तपुर जिल्ला खेलकुद विकास समितिका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

- बेरुजु अध्ययन गराई चारवटै नगरपालिकाको आ.व.२०७४/७५ देखी आ.व.२०८०/८१ सम्मको वेरुजुको समग्र स्थिति देखिने प्रतिवेदन तयार गरिएको।
- वातावरण, साक्षरता, स्वास्थ्य, शिक्षा, लैङ्गिक समानता लगायतका विषयमा जनचेतनामुलक सामाग्री निर्माण गरी रेडियो नेपाल र स्थानीय एफ.एम. रेडियोबाट प्रसारण गरिएको ।
- चारवटै नगरपालिकामा हालसम्म तर्जुमा भएका कानुनहरुलाई संकालन गरी अभिलेखिकरण गरिएको ।
- मिति २०८१ मंसिर देखि २०८१ फागुन मसान्तसम्म जिल्ला स्थित ९ वटा कार्यालय (चाँगुनारायण नगरपालिका, मध्यपुर थिमि नगरपालिका,राष्ट्रिय कला सङ्ग्राहलय भक्तपुर, दरबार हेरचाह अड्डा, जिल्ला आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, शिक्षा विकास तथा समन्वय ईकाई भक्तपुर, जुद्ध वारुणयन्त्र कार्यालय, जलस्रोत तथा सिँचाई विकास कार्यालय, र भक्तपुर नगरपालिका) हरुको प्रशासनिक अनुगमन गरिएको ।
- विभिन्न मितिमा जिल्ला भित्रका चाँगुनारायण नगरपालिका (३२ वटा) र सुर्यविनायक नगरपालिकामा (२४ वटा) सञ्चालित विकास निर्माणका कुल ५६ वटा योजनाहरुको कार्यान्वयनको अवस्था अवलोकन गरिएको ।
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट निर्देशन भए बमोजिम जिल्ला स्थित चारवटा नगरपालिकाबाट स्थानीय तहबाट सामाजिक क्षेत्रमा सञ्चालित कार्यक्रम तथा क्षेत्रगत विवरण संकलन गरि प्रतिवेदन गरिएको ।

# आ.व. २०८१/८२ को वित्तीय एवम् भौतिक प्रगति विवरण (बजेट)

**बजेट उपशीर्षक नम्बर** : ३०१०००११३

**आयोजना/कार्यक्रमको नाम**: म’ख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

| क्र सं | खर्च शिर्षक/कम्पोनेन्ट | दातृ पक्ष/स्रोत/क्रियाकलाप | अन्तिम बजेट | जम्मा खर्च रकम | बाकी बजेट | वित्तिय प्रगति % |
|---|---|---|---|---|---|---|
| | २.२.१.७ ईन्धन पदाधिकारी | | १००,०००।०० | ९८,९५२।०० | १,०४८।०० | ९८।९५ |
| | २.२.२.१७ ईन्धन कार्यालय प्रयोजन | | २००,०००।०० | १९९,४९६।०० | ५०४।०० | ९९।७५ |
| | २.३.१.४ सवारी साधन मर्मत | | २००,०००।०० | १९९,५६२।०० | ४३८।०० | ९९।७८ |
| | २.४.१.२ मसलन्द र कार्यालय सामग्री | | २००,०००।०० | १९७,०७३।०० | २,९२७।०० | ९८।५४ |
| | २.४.१२.५ पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | | २००,०००।०० | १९९,१०१।०० | ८९९।०० | ९९।५५ |
| | २.७.२५.४६३ प्रदेश समन्वय परिषदको निर्णय कार्यान्वियन प्रतिवेदन | | ३००,०००।०० | ०।०० | ३००,०००।०० | ०।०० |
| | २.७.२५.४६४ स्थानीय स्तरमा विपद व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी अन्तर्क्रिया | | ३००,०००।०० | २५१,४९०।०० | ४८,५१०।०० | ८३।८३ |
| | २.७.२५.४६५ प्रदेश तथा स्थानीय स्तरीय विषयहरुमा समन्वय र सहजीकरण | | १००,०००।०० | ९६,९९२।०० | ३,००८।०० | ९६।९९ |
| | २.७.२५.४६६ स्थानीय तहहरुले तर्ज’मा गरेका कानूनहरुको अभिलेखिकरण सहितको जिल्ला सूचना र अभिलेख | | ३५०,०००।०० | ३४९,३०७।०० | ६९३।०० | ९९।८० |
| | २.७.२५.४६७ जिल्ला प्रोफाइल निर्माण | | ५००,०००।०० | ०।०० | ५००,०००।०० | ०।०० |
| | २.७.२५.४६८ प्रदेश कार्यालयदारा संचालित कार्यक्रम आयोजनाहरुको अन’गमन तथा निरीक्षण | | ५००,०००।०० | १७५,२७९।०० | ३२४,७२१।०० | ३५।०६ |
| | २.७.२५.४६९ प्रदेश जिल्ला स्तरीय कार्यालय तथा स्थानीय तहसग वार्षिक तथा त्रैमासिक समिक्षा | | ४००,०००।०० | ३९८,१०५।०० | १,८९५।०० | ९९।५३ |
| | २.९.९.४ विविध खर्च | | १५०,०००।०० | १४९,००९।०० | ९९१।०० | ९९।३४ |
| | जम्मा | | ३,५००,०००।०० | २,३१४,३६६।०० | १,१८५,६३४।०० | ६६।१२ |

**बजेट उपशीर्षक नम्बर** : ३६५००१०५३

**आयोजना/कार्यक्रमको नाम**:३६५००१०५३ जिल्ला समन्वय समितिको कार्यालयहरु

| खर्च शिर्षक/कम्पोनेन्ट | दातृ पक्ष/स्रोत/क्रियाकलाप | अन्तिम बजेट | जम्मा खर्च रकम | बाकी बजेट | वित्तिय प्रगति % |
|---|---|---|---|---|---|
| १.३.५.५ पारिश्रमिक (स्वीकृत दरबन्दीका कर्मचारीको पारिश्रमिक र जि.स.स पदाधिकारीको स’विधा) | | १०,७५१,०००।०० | ९,३७५,६०४।८६ | १,३७५,३९५।१४ | ८७।२१ |
| ५.१.२.२ करार सेवा श’ल्क - निजि सचिवालय | | ४६१,०००।०० | ४५१,४९०।०० | ९,५१०।०० | ९७।९४ |
| ५.१.३.१ अनिवार्य दायित्व सहितका **कार्यालय सचालन** खर्चहरू (पानी विज’ली, संचार महस’ल, इन्धन, मर्मत, मसलन्द, विविध, अन्य शिर्षकहरूमा नपरेका सम्पूर्ण खर्चहरू इत्यादि) | | २,७७६,०००।०० | २,७७५,४६०।०० | ५४०।०० | ९९।९८ |
| ५.१.४.१ कार्यक्रम खर्च (समीक्षा बैठक सहित) | | ४०१,०००।०० | ३७७,८५९।०० | २३,१४१।०० | ९४।२३ |
| ५.१.४.२ अन’गमन तथा सरूवा भ्रमण खर्च | | ६२१,०००।०० | ६२०,३८८।०० | ६१२।०० | ९९।९० |
| जम्मा | | १५,०१०,०००।०० | १३,६००,८०१।८६ | १,४०९,१९८।१४ | ९०।६१ |

# खण्ड ग

## सुझावहरु

सुझावहरु:

क. अनुगमन, सन्तुलन र समन्वयलाई आधारिकता दिने गरी संस्थागत कानूनी संरचनाको विकास गरिनु पर्ने ।

ख. जिल्ला समन्वय समितिको अस्तित्व, मर्यादा र नेतृत्वदायी भूमिका देखिने गरी संरचनागत सुधारमा जोड ।

ग. समन्वय समितिलाई दण्डात्मक(Punitive) क्षेत्रको अधिकार प्रत्योजन गरी अनुगमन र समन्वयको कार्यलाइ प्रभावकारी वनाउनुपर्ने ।

## नीतीगत सुझाबहरु

क. प्रदेश समन्वय परिषदलगायत अन्य क्रियाशिल वनाउनु पर्ने,

ख. प्रदेश सरकारले स्थानीय तह ,संङ्घिय कार्यालय लगायत प्रदेशमा संचालित सवै प्रकारका विकास/निर्माण, सुशासन, कर्मचारी प्रशासन लगायतका कार्यमा प्रत्यक्ष संलग्नता परिचालन र एकरुपता देखाउन सक्ने कानूनी संरचनाको विकास गर्दै समन्वय सहअस्तित्व र सहकारीतामा जोड दिनुपर्ने ।

ग. आधारभूत आववश्यकताका क्षेत्रहरुको पहिचान गर्नुका साथै उत्पादन, नतिजामूखी , दिगो विकास लगायत वहुपक्षीयमैत्री कार्यक्रममा जोड दिनुपर्ने ।

घ. उपलव्ध स्थानीय श्रोत , साधन ,सीप ,र पूंजीको आकलन गरी अधिकतम प्रतिफल दिने , रोजगारी अभिवृद्धि गर्ने, सामाजिक रुपान्तरण गर्ने लगायत राष्ट्रिय एंव अन्तराष्ट्रिय वजारको माग वमोजिमको जनशक्ति उत्पादन गरी श्रमको सम्मान, व्यवसायिक सीपमूलक तालिमलाई संस्थागत विकामा जोड दिनुपर्ने ।

ङ. विशेष गरी प्रदेशका भूगोल विविधता , जातजाती, हावापानी, प्राकृतिक श्रोत साधन, धर्म, संस्कृति, वित्तिय संकलनको अवस्था हुने गरी वनाउनु पर्छ । नागरिकको मनोभावना समेतको सम्मान गर्दै भूमि योजना , विकास/निमार्ण लगायत पूर्वाधारका विकासमा प्राथमीकरण गरी वजेटलाइ दिगो सम्रद्दि दिन सक्ने योजनामा निरन्तरता दिनुका साथै संङ्घीय र स्थानीय तहको नीति तथा कार्यक्रमसंग प्रदेश सरकारको कार्यक्रमलाई सहकारीता र साझेदारी गर्न सक्ने गरी पंचवर्षीय योजनालाइ विकासमैत्री वनाउन पर्ने साथै संघको १६ औंयोजनासंग तादत्म्यता हुने गरी प्रदेशको पंचवर्षीय आवधिक योजना बनाउनु पर्ने ।

# खण्ड घ

## तस्विरहरु

<u>जि.स.स. भक्तपुरबाट सञ्चालित मूख्य कार्यक्रमहरु सम्बन्धी केही तस्बिरहरु</u>



दिगो शान्तिको लागि उन्नत सम्बन्ध जिल्ला समन्वय तथा सुल्लाहकार समितिको बैठक २०८१ भाद्र ९ गते जिल्ला समन्वय समितिको प्रमुख श्री ईश्वर बहादुर थापा ज्यूको अध्यक्षतामा सम्पन्न भयो।

## नमुना सदरमुकामको स्थलगत अनुगमन




भाद्र-१९, कावासोती !नमुना सदरमुकामको स्थलगत अनुगमन र सरोकारवालाहरु संग अन्तरक्रिया तथा छलफल जिससको सभाहलमा सु-सम्पन्न ।




भक्तपुर **जिल्ला समन्वय समिति भक्तपुर** परिवार बारा जिल्ला समन्वय समिति अवलोकन भ्रमण



भक्तपुर जिल्ला समन्वय समिति परिवारद्धारा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, हेटौडामा वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै

# वार्षिक समिक्षा कार्यक्रम

वार्षिक समिक्षा कार्यक्रम उद्घाटन समारोह



# जिल्ला समन्वय समिति ,भक्तपुर परिवार कर्णाली प्रदेश, रारा तालको भ्रमणमा









मिति २०८१ पुस १७ गते जिल्ला समन्वय समिति भक्तपुरद्वारा चाँगुँनारायण नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयको अनुगमन र अवलोकन



मिति २०८१ पुस १९ गते जिल्ला समन्वय समिति भक्तपुरद्वारा मध्यपुर थिमि नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयको अनुगमन र अवलोकन




जिल्ला समन्वय समिति ,भक्तपुरको अनुगम कार्यक्रम अन्तर्गत भक्तपुर जिल्लाको राष्ट्रिय कला संग्रहालय र स्मारक संरक्षण तथा दरबार हेरचाहा अड्डाको अनुगमन र अवलोकन




एच.पि.भी. खोप अभियानको शुभारम्भ समारोह




जिल्ला समन्वय समिति, भक्तपुरद्वारा मिति २०८१ चैत्र ८ र ९ गते जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि दुई दिने क्षमतावृद्धि कार्यक्रम



मिति २०८२ वैशाख १९ गते जिल्ला समन्वय समितिको आयोजनामा भक्तपुर जिल्लास्थित जेष्ठ नागरिकहरुको सम्मान तथा अन्तरक्रिया कार्यक्रम






मिति २०८२ वैशाख ३० र ३१ गते जिल्ला समन्वय समितिको आयोजनामा "महिला सचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रम




मिति २०८२ जेठ ४ गते पालिका र प्रदेश कार्यालयहरुको त्रैमासिक प्रगति समीक्षा कार्यक्रम



गणतन्त्र दिवस, २०८२ को उपलक्ष्यमा लोकतान्त्रिक आन्दोलनका क्रममा भक्तपुर जिल्लाका शहीद परिवार, वेपत्ता परिवार र घाईते/अपाङ्ग व्यक्तिहरुलाई सम्मान कार्यक्रम





मिति २०८२ जेठ २६ जिल्ला समन्वय समितिको आयोजना र वातावरण संरक्षण मञ्च , भक्तपुरको समन्वयमा वातावरण संरक्षण सम्बन्धि अन्तरक्रिया कार्यक्रम



मिति २०८२ जेठ ३० जिल्ला समन्वय समितिको आन्तरिक समिक्षा कार्यक्रम



मिति २०८२ असार १७ गते जिल्ला समन्वय समिति ,भक्तपुरको आयोजनामा "स्थानिय तहका न्यायिक समितिहरुको कार्य प्रभावकारीता सम्बन्धि समिक्षात्मक बैठक/अन्तरक्रिया "कार्यक्रम



मिति २०८२ असार ३० गते जिल्ला समन्वय समितिको आयोजनामा र भक्तपुर जिल्ला खेलकुद विकास समितिको व्यवस्थापनमा १५ आौं केन्द्रिय रास्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता र १५ आौं वागमती प्रदेश स्तरीय रास्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा विभिन्न खेलहरुमा पदक जित्न सफल खेलाडिहरुलाई र प्रशिक्षकहरु लाई सम्मान कार्यक्रम


जिल्ला समन्वय समिति भक्तपुरका पदाधिकारीहरु
ईश्वर बहादुर थापा
प्रमुख
९८४१४७०२२१
सुजाता बाड्डे
उप-प्रमुख
९८५११७९४२९
बिनु के.सी.
सदस्य
९८४९४२३९०९
मन्जु कार्की
सदस्य
९८४१७०९६४६
नानु कार्की
सदस्य
९८४११३०५९६
विश्वराम त्वानाबासु
सदस्य
९८५१०५१०४०
राम माया मिजार
सदस्य
९८४११७७१०६